१. कृषी क्षेत्रको विकास र विस्तारको लागि विस्तृत कार्ययोजना (DPR) सहितको गुरुयोजना (Master Plan) तयार पार्ने **कार्यको कार्यशर्त विवरण**

क. संक्षिप्त विवरण

| | |
|---|---|
| **काम** : कृषी क्षेत्रको विकास र विस्तारको लागि विस्तृत कार्ययोजना (DPR) सहितको गुरुयोजना (Master Plan) तयार पार्ने | **सेवा प्रकृति** : **परामर्श सेवा** |
| **कार्यालय:** आठविसकोट नगरपालिकाको कार्यालय, पश्चिम रुकुम | **सुपरिवेक्षक:** नगर कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत र **नगरपालिका अन्तर्गतका निकायहरू** |
| **कार्य समय** : सम्झौता बमोजिम | **सेवा अवधि** : बढिमा तीन महिना |
| **प्रतिवेदन पेश गर्नुपर्ने निकाय** : **आठविसकोट नगरपालिकाको कार्यालय, रूकुम(पश्चिम)** | **मुख्य कार्य :**<br>• **कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि**<br>• **कृषिजन्य वस्तुहरूको व्यवसायकिरण र बजारीकरण**<br>• **कृषि सूचना तथा सञ्चार, प्रसार र तालिम, कृषि क्षेत्रको अनुसन्धान तथा सर्वेक्षण,**<br>• **गुणस्तर नियमन, मानव तथा पशु रोग व्यवस्थापन एवम् विपद् व्यवस्थापन तथा सचेतना**<br>• **उत्पादन र उत्पादकत्व वृद्धि गर्ने आधार तयार तथा सुदृढिकरण उन्नत नस्लका पशुको उपलब्धतामा वृद्धि**<br>• **निजि व्यवसाय तथा सहकारी प्रवर्द्धन मार्फत उत्पादन र उत्पादकत्व वृद्धि**<br>• **लक्षित वर्ग तथा क्षेत्रमा जीविकोपार्जनमा सुधार, गरिवी न्यूनिकरण र पोषण सुधारका कार्यक्रम**<br>• **नियमन र गुणस्तर व्यवस्थापन**<br>• **क्षतिको राहत र पशुपक्षी विमा सेवा** |

उद्देश्यहरु :

- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर उन्मुख हुनु ।
- निर्वाहमुखी कृषि प्रणालीलाई नाफामूलक, दिगो एवम् व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु ।
- कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु ।
- कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्याउनु

ख. कार्य विवरणहरु

| मुख्य क्रियाकलापहरु | कार्य सम्पादन सुचक | सुचकको स्रोत |
|---|---|---|
| परामर्शदाताले गर्ने कार्यहरु निम्नानुसार हुनेछन्: | | |
| • कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि<br>• कृषिजन्य वस्तुहरूको व्यवसायिकरण र बजारीकरण<br>• कृषि सूचना तथा सञ्चार, प्रसार र तालिम, कृषि क्षेत्रको अनुसन्धान तथा सर्वेक्षण,<br>• गुणस्तर नियमन, मानव तथा पशु रोग व्यवस्थापन एवम् विपद् व्यवस्थापन तथा सचेतना<br>• उत्पादन र उत्पादकत्व वृद्धि गर्ने आधार तयार तथा सुदृढिकरण उन्नत नस्लका पशुको उपलब्धतामा वृद्धि<br>• निजि व्यवसाय तथा सहकारी प्रवर्द्धन मार्फत उत्पादन र उत्पादकत्व वृद्धि<br>• लक्षित वर्ग तथा क्षेत्रमा जीविकोपार्जनमा सुधार, गरिवी न्यूनिकरण र पोषण सुधारका कार्यक्रम<br>• नियमन र गुणस्तर व्यवस्थापन<br>• क्षतिको राहत र पशुपक्षी विमा सेवा | • उल्लेखित क्रियाकलापको विस्तृत अध्ययन अनुसन्धान भई सोको लागि नगरपालिकाले गर्नुपर्ने आवश्यक कार्यहरू, स्रोत साधनको व्यवस्थापन सहितको विस्तृत परियोजना प्रतिवेदन तयार भएको ।<br>• विस्तृत परियोजना प्रतिवेदनको आधारमा कृषि सुधार परियोजना र गुरूयोजना तयारीको लागि आवश्यक परामर्शसेवा प्राप्त भएको ।<br>• परामर्शदाताको ज्ञान तथा सीप र दक्षता नगरपालिकामा कार्यरत कृषि प्राविधिक कर्मचारीहरूमा हस्तान्तरण भएको | • स्थानीय तहका प्रणालीहरूको संचालन र प्रतिवेदन ।<br>• नगरपालिकाका विभिन्न निकायले गरेको अनुगमन तथा मूल्यांकण<br>• सम्बन्धित फाँटका कर्मचारीहरूको कार्यसम्पादन स्तरको मापण |

ग. कार्यविवरण लक्ष्य तथा उद्देश्य पुरा गर्न आवश्यक क्षमता तथा स्रोतसाधनहरु

| सीप तथा क्षमता | स्रोत साधनहरु र उपकरणहरु | सहयोगी व्यवस्थाहरु तथा वातावरण |
|---|---|---|
| • सूचना तथा सञ्चार प्रविधिमा दक्षता<br>• विस्तृत परियोजना प्रतिवेदन निर्माण सम्बन्धमा परामर्शदाताको अनुभव र कार्यसम्पादन स्तर उच्च रहेको | • ल्यापटप<br>• इन्टरनेट<br>• मोवाइल<br>• दक्ष जनशक्ती<br>• सर्वे, डिजाइनको लागि आवश्यक पर्ने सम्पूर्ण कृषिसँग सम्बन्धित प्राविधिक उपकरणहरू | • कार्यक्रम सम्बन्धमा आधारभुत एवं अन्य विषयगत तालिम, अभिमुखिकरण<br>• सन्दर्भ सामाग्रीहरूको उपलब्धता -नीतिगत दस्तावेजहरू, कार्यक्रम दस्तावेज र कार्य योजना आदी)<br>• अनुभव आदान प्रदान र सिकाईको अवसर<br>• उपयुक्त कार्य वातावरण (सूचनामा पहुँज, अन्तर सम्बन्धको विकास, उत्प्रेरणा आदी) |

- परामर्शदाताले सम्झौता भएको मितिले तीन महिनाभित्र माथि उल्लेखित सम्पूर्ण कार्यहरू सम्पन्न गरी नगरपालिकामा प्रतिवेदन सहितको प्रोफाइल पेश गरिसक्नु पर्नेछ ।
- नगरपालिकाले परामर्शदाताको लागि आवश्यक पर्ने नगरपालिकामा उपलब्ध भएसम्मका एवम् उपलब्ध गराउन मिल्ने खालका सूचनाहरू उपलब्ध गराउने छ ।
- माथि उल्लेखित कार्यहरू गर्न नगरपालिकाले उपलब्ध गराउन सक्ने भौतिक सुविधा एवम् उपकरणहरू छनौट भएको परामर्शदाता र नगरपालिकाविचको सम्झौतामा उल्लेख गरिनेछ ।